# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, श्रावण १६ गते २०१६ साल अतिरिक्ताङ्क १३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरवारको
### विज्ञप्ति

श्री ५ महाराजाधिराज सरकारबाट तक्मा सम्बन्धमा देहाय बमोजिमको नियम २०१६।३।२६।३ मा स्वीकृत गरिबक्सेको छः–

१. मर्यादाक्रम .

(क) महेन्द्रमाला ।

(ख) ओजस्विराजन्य ।

(ग) अति तेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपदः–

| | |
|---|---|
| प्रथम श्रेणी– | अति तेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद । |
| द्वितीय श्रेणी– | तेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद । |
| तृतीय श्रेणी– | त्रिभुवन प्रजातन्त्र श्रीपद । |
| चतुर्थ श्रेणी– | प्रजातन्त्र श्रीपद । |
| पञ्चम श्रेणी– | श्रीपद । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मेडल ।

(घ) अतिकीर्तिमय नेपाल श्रीपद ।

प्रथम श्रेणी– अतिकीर्तिमय नेपाल श्रीपद ।

द्वितीय श्रेणी– सुकीर्तिमय नेपाल श्रीपद ।

तृतीय श्रेणी– कीर्तिमय नेपाल श्रीपद ।

चतुर्थ श्रेणी– नेपाल श्रीपद ।

मेडल ।

(ङ) प्रोज्ज्वल नेपाल ताराः–

प्रथम श्रेणी– सुप्रदीप्त मान्यवर नेपाल तारा ।

द्वितीय श्रेणी– प्रदीप्त मान्यवर नेपाल तारा ।

तृतीय श्रेणी– मान्यवर नेपाल तारा ।

चतुर्थ श्रेणी– मान्य नेपाल तारा ।

मेडल ।

(च) ॐ रामपट्ट

(छ) अतुल ज्योतिर्मय त्रिशक्तिपट्टः–

प्रथम श्रेणी– सुविख्यात त्रिशक्तिपट्ट ।

द्वितीय श्रेणी– विख्यात त्रिशक्तिपट्ट ।

तृतीय श्रेणी– प्रख्यात त्रिशक्तिपट्ट ।

चतुर्थ श्रेणी – त्रिशक्तिपट्ट ।

मेडल ।

(ज) अतिप्रबल गोरखादक्षिणबाहुः–

प्रथम श्रेणी– सुप्रसिद्ध प्रबलगोरखादक्षिणबाहु ।

द्वितीय श्रेणी– प्रसिद्ध प्रबलगोरखादक्षिणबाहु ।

तृतीय श्रेणी– प्रबलगोरखादक्षिणबाहु ।

चतुर्थ श्रेणी– गोरखादक्षिणबाहु ।

मेडल ।

डेकोरेशनहरुः–

(क) नेपाल प्रताप बर्धक ।

९९० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) गजेन्द्र मोक्ष ।

(ग) बहादुरी मेडल ।

(घ) महेन्द्र रत्नभूषणः–

| | |
|---|---|
| प्रथम श्रेणी– | सुवर्ण । |
| द्वितीय श्रेणी– | रजत । |
| तृतीय श्रेणी– | ताम्र । |

(ङ) दीर्घसेवा पट्ट ।

ग्राण्ड माष्टर

२. श्री ५ युवराजाधिराज मौसूफको उमेर १८ (अठार) वर्ष पुगेपछि स्वतः ग्राण्ड माष्टर होइबक्सनेछ । उमेर नपुग्ुञ्ज्याल श्री ५ बडामहारानी ग्राण्ड माष्टर होइबक्सनेछ । सो दुवै कुरा हुन नसकेमा श्री ५ महाराजाधिराजको स्वविवेकबाट तोकिबक्सेको व्यक्ति पनि ग्राण्ड माष्टर हुन सक्नेछ ।

तक्मा प्रदान

३. विदेशी गद्दीनशीन राजा वा गद्दीनशीन रानीलाई मात्र महेन्द्रमाला प्रदान गर्न सकिनेछ ।

४. हेड् अफ् ष्टेटलाई नेपाल अधिराज्यको तक्मा प्रदान गर्नुपरेमा श्री ५ महाराजाधिराजका स्वविवेकबाट बक्सनेछ ।

५. तक्मा प्रदान गर्नुपर्दा राजगद्दीको उत्तराधिकारीलाई तथा श्री ५ को ज्येष्ठ सुपुत्रको ज्येष्ठ सुपुत्रलाई ओजस्विराजन्य र राजपरिवारका सदस्यलाई त्रिशक्तिपट्ट पहिला दर्जा प्रदान गरिबक्सनेछ ।

६. श्री ५ महाराजाधिराज मौसूफका छोराहरूलाई ओजस्विराजन्य तक्मा बक्सिआएकैले नातिहरूलाई अति तेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद वा अति कीर्तिमय नेपाल श्रीपद वा सुप्रसिद्ध मान्यवर नेपालतारा शुरूमा बक्सने । पछि विशेष कामको कदर गर्नुपर्ने भएमा सुहाउंदो पाइआएको तक्माभन्दा माथिल्लो वा तल्लो तक्मा बक्सनेछ ।

७. अब उप्रान्त नेपालतारा र नेपाल प्रतापवर्धक शाही परिवार मिलिटरी र अन्य राष्ट्रका पनि मिलिटरीका व्यक्तिलाई मात्र प्रदान गरिनेछ ।

८. श्री ५ महाराजाधिराजका स्वविवेकबाट जुनसुकै समयमा पनि मान पदवी तक्मा वा पदक प्रदान गरिबक्सनेछ ।

९. प्रतिवर्ष मान पदवी तक्मा वा पदक प्रदान गर्नेबारे तक्मा समितिले आफ्नो सिफारिश श्री ५ महाराजाधिराजका हजुरमा जाहेर गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. श्री ५ को सरकारले पनि निम्नलिखित मान पदवी तक्मा र पदक प्रदान गर्न सक्नेछः—

(क) गोरखादक्षिणबाहु

(ख) गजेन्द्र मोक्ष

(ग) महेन्द्र रत्नभूषण

(घ) दीर्घसेवा पट्ट

११. तक्मा पाउनेहरूलाई लालमोहर पाउने भैरहेकोमा अब उप्रान्तलाई लालमोहरको सट्टा विशेष छाप लागेको प्रमाणपत्र दिइनेछ । पुछ्रे छापमा ग्राण्ड माष्टर, तक्मा समितिका अध्यक्ष सिभिलमा श्री ५ महाराजाधिराज सरकारको प्रमुख स्वकीय सचिव वा स्वकीय सचिव, मिलिटरीमा श्री ५ महाराजाधिराज सरकारको प्रमुख सैनिक सचिव वा सैनिक सचिवसमेतको पुछ्रे रहनेछ ।

सिफारिश

१२. विभागीय प्रमुखले सिफारिश गरेको छ भने निम्न लेखिएका आधारमा मान पदवी तक्मा वा पदकको लागि सिफारिश गर्न सकिनेछ ।

१. प्रशासनतर्फ

(क) सरकारी धन दुरुपयोग नगरी वफादारीकासाथ विशेष काम गर्नेलाई ।

(ख) आफ्नो जिम्माको काम इमान्दारीपूर्वक विशेष देनकासाथ काम गर्नेलाई ।

(ग) श्री ५ महाराजाधिराजको विदेश सवारी होइबक्संदा वा आफ्नै देशको भ्रमण गरिबक्संदा वा मुलुकमा महान व्यक्तिको आगमन अवस्थामा वा मुलुकमा दैवी घटना पर्न आएका बखतमा प्रशंसनीय ढंगले काम गर्ने व्यक्तिलाई ।

(घ) विदेश सम्बन्धी महत्वपूर्ण काम गरी स्वदेशको फाइदा र प्रतिष्ठा बढाउने वा ठूलाठूला योजना सफलतापूर्वक कार्यान्वित गर्नेलाई ।

२. विशेष योग्यता

(क) साहित्य एवं कला ।

(ख) वैज्ञानिक अनुसन्धान ।

(ग) अन्तर्राष्ट्रिय जगतमा नेपालको परिचय ।

३. देशसेवा

(क) बौद्धिक ।

(ख) शारीरिक ।

(ग) आर्थिक ।

९५२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. विशेष बहादुरी

(क) विशेष परिस्थितिमा खटिएका व्यक्तिले कर्तव्य पालना देखाएको विशेष बहादुरी निमित्त ।

(ख) अचानक परिआएको भवितव्यमा आफ्नै विचारले ज्यानको समेत परवाह नगरी देखाएको बहादुरी निमित्त ।

(ग) विशेष बहादुरी गर्ने एउटै व्यक्तिले फेरि फेरि त्यस्तो बहादुरी गरेमा सो बहादुरीको तक्मा दोहऱ्याई तेहऱ्याई पाउने भएमा बार सरह खुकुरी या त्यस्तै संकेत तक्मा र रिबनमा थप्ने ।

निम्न लेखिएका दर्जा तथा मर्यादाक्रमानुसार मान, पदवी वा पदक प्रदान हुन सक्नेछ ।

| | |
|---|---|
| विशिष्ट श्रेणीका र सोभन्दा माथिका कर्मचारीलाई– | पहिला वा दोस्रा दर्जा |
| प्रथम श्रेणीका र सो सरहका कर्मचारीलाई– | दोस्रा वा तेस्रा दर्जा |
| द्वितीय श्रेणीका र सो सरहका कर्मचारीलाई– | तेस्रा वा चौथा दर्जा |
| तृतीय श्रेणीका र सो सरहका कर्मचारी तथा सोभन्दा मुनिका अफिसरसम्मलाई– | चौथा दर्जा |
| नन्ग्याजेटेड् कर्मचारीलाई– | पदक |

उपर्युक्त लेखिएका दर्जा तथा मर्यादाक्रमानुसार मान पदवी वा पदक प्रदान गर्न सिफारिश हुने भए तापनि कुनै व्यक्तिले प्रशंसनीय काम गरेको प्रमाणित भएमा माथिल्लो दर्जाको मान पदवी पनि सिफारिश गर्न सकिनेछ ।

तक्मा वा पदक पाएको व्यक्तिलाई निजामती तर्फ बडादशैं विजया दशमीको दिनमा र जंगीतर्फ बडादशैं फुलपातिको दिनमा इन्भेष्टिचर हुने प्रबन्ध मिलाइनेछ ।

१३. तक्मा पाउनेलाई सुविधा

(क) राष्ट्रविरोधी छैन भने २०१३।१।२० को र त्यसपछि तक्मा पाउनेलाई नोकरी छुटेपछि तक्मा भत्ता निम्न लेखिए अनुसार गर्ने ।

(ख) एकै व्यक्तिले धेरै किसिमको तक्मा पाएको छ भने, सबभन्दा ठूलो दर्जाको तक्माको मात्र सुविधा उपभोग गर्न पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| (ग) तक्माको नाम | पहिला | दोस्रा | तेस्रा | चौथा | पांचौं |
|---|---|---|---|---|---|
| अति तेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद– | १०००। | ७००। | ५००। | ३००। | १००। |
| अतिकीर्तिमय नेपाल श्रीपद– | ९५०। | ६५०। | ४५०। | २५०। | × |
| प्रोज्ज्वल नेपाल तारा– | ९०० | ६०० | ४००। | २००। | × |
| ॐ राम पट्ट– | ८५०। | × | × | × | × |
| अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट– | ८००। | ५००। | ३००। | १००। | × |
| अतिप्रबल गोरखादक्षिणबाहु– | ७५०। | ४५०। | २५०। | ५०। | × |

(घ) गजेन्द्रमोक्ष मेडल पाउनेलाई वर्ष १ (एक) को ने.रू. १०० – (एकसय) भत्ता पाउने गर्ने।

(ङ) नेपालताराको तक्मा जुनसुकै बखत पाएको भए तापनि सबैलाई भत्ता पाउने गर्ने।

(च) यसअघि सो तक्माको रोकिएको भत्ता कसैलाई पनि नदिने।

(छ) अब उप्रान्त नेपाल ताराको तक्मा भत्ता दिने गर्न यस अघिको तक्मा भत्ताको अंक र हाल प्रस्तावित गरिएको भत्ताको अंक दुवैमा जुन अंक कम हुन्छ सो अंकमा निर्णयको निकासा भएको मितिले तक्माको नियम अनुसारमात्र भत्ता दिने गर्ने।

(ज) अरू तक्माको भत्ता पाउने हकमा २०१३ साल वैशाख २० गते र सो पछि तक्मा पाउनेहरूलाई मात्र नियम अनुसार गरी भत्ता दिने गर्ने। उपर्युक्त मिति अघि तक्मा पाउनेहरूलाई तक्मा भत्ता नपाउने गर्ने।

१४. विदेशी मित्रराष्ट्रबाट तक्मा पाउनेहरूले, अब उप्रान्त जुनसुकै बखतमा पनि हाम्रो तक्मा माथि लगाउने, तर विदेशी मित्रराष्ट्रको रिवन लगाउंदा पाएको मिति अनुसार रिवन लगाउने। विदेशी राष्ट्रका सर्वोच्च हाम्रो नेपाल अधिराज्यमा आउंदा वा श्री ५ महाराजाधिराज मौसूफकासाथ ष्टेट भिजिट (राजकीय भ्रमण) मा जांदा जुन देश सम्बन्ध छ सोही देशको तक्मा माथि लगाउने गर्ने।

१५. अब उप्रान्त राजदरवार प्रमुख स्वकीय सचिवालय अन्तर्गत राजकीय सम्पत्ति कोषमा मान पदवी, तक्मा र अरू पदकहरू एकत्रित गरि राख्ने।

९५४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. तक्मा पाएकाहरूले अब उप्रान्त तक्मा लगाउंदा उपर्युक्त तक्माको मर्यादा क्रम अनुसारको नियम बमोजिम तक्मा लगाउनेछन् ।

हुकुम बक्सेबमोजिम–
सरदार हंसमान सिंह,
श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्रछापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।